<u>निर्णयहरुः</u>

**निर्णय नं. १**

आर्थिक वर्ष २०७४/०७५को वार्षिक बजेट तथा कार्यक्रमको त्रैमासिक लक्ष्य, प्रगति र प्राप्त उपलब्धीका सम्वन्धमा समीक्षा गरियो । चालु आ.व. को बितेको त्रैमासिक अवधिमा पूँजिगत खर्चमा खासै उल्लेख्य प्रगति भएको नपाइएकोले आगामी दिनमा लक्ष्य प्राप्तिका लागि आवश्यक कार्ययोजना बनाई समयमा नै तोकिएको उपलब्धी हासिल गर्न प्रयत्नशील रहने ।

**निर्णय नं. २**

बडा दशैं, २०७५ अनुशासित, मर्यादित, शान्तिपूर्ण र उल्लासमय वातावरणमा सम्पन्न भएको छ । अब चाडै नै तिहार, नेपाल सम्वत् र छठ लगायतका पर्वहरु आइरहेको हुँदा सो अवसरमा हुने सार्वजनिक बिदामा सबै कार्यालयहरुले आ-आफ्नो कार्यालयको सुरक्षाको लागि पालोपहराको भरपर्दो व्यवस्था गरी नाम नमेसी र सम्पर्क नम्वर सहितको विवरण जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई उपलब्ध गराउने ।

**निर्णय नं. ३**

जिल्लामा संघीय सरकार र प्रदेश सरकार मातहत रहने गरी खुलेका नयाँ कार्यालयहरुले सोको संरचनात्मक व्यवस्था सहितको जानकारी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने । जिल्ला प्रशासन कार्यालयले सबै कार्यालयहरुको विवरण (नामनमेसी, कार्यालय प्रमुखको नाम, सम्पर्क नम्वर सहित) अध्यावधिक गरी सबैको जानकारीको लागि वेवसाइट, मोवाइल एप्स र अन्य सामाजिक सञ्जालको पेजमा राख्ने ।

**निर्णय नं. ४**

नेपाल सरकार (मुख्य सचिवस्तर) को मिति २०७५/०६/१६ को निर्णयानुसार सुशासन र सदाचारको प्रवर्द्धन गर्न काम प्रति इमान्दार भई प्रत्येक राष्ट्रसेवक कर्मचारीले प्रत्येक दिन कार्य प्रारम्भ गर्नु अघि **"म भ्रष्टाचार गर्दिनँ । म भ्रष्टाचार हुन दिन्नँ । म देश र जनताका लागि इमान्दार भएर काम गर्ने प्रतिज्ञा गर्दछु ।"** भन्ने प्रतिज्ञा वाचनपश्चात् कार्य प्रारम्भ गर्ने गराउने साथै उक्त वाक्य लिखित स्टिकर वा व्यानर बनाई कार्यालयको देखिने स्थानमा टाँस्ने व्यवस्था गरी सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई गराउने ।

**निर्णय नं. ५**

यस अघिको बैठकबाट सबै कार्यालयहरुले यही भाद्र महिना भित्र सबै कर्मचारीहरुलाई स्थायी लेखा नम्वर लिन लगाउने र अनिवार्य रुपमा e-TDS गर्ने व्यवस्था मिलाई सोको प्रगति विवरण आगामी कार्यालय प्रमुखको बैठकमा पेश गर्ने भनी निर्णय भएकोमा हालसम्म पनि e-TDS गर्ने व्यवस्था मिलाएको जानकारी हुन नआएको हुँदा यथाशीघ्र उक्त व्यवस्था मिलाई जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जानकारी गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

जितेन्द्र बस्नेत
प्रमुख जिल्ला अधिकारी